# अप्राप्ती

हिमाल बाट पग्लिएर समुन्द्रमा आँए
समुन्द्रको छालमा हिमाल पाँउदै पाँइन
पाहाड बाट रित्तिएर शहरमा आँए
शहरमा मानिसको छाँया पाँउदै पाँइन

सपनाको बालि रोपि असारे गीत गाँए
असारेको धुन भित्र गाउँ पाँउदै पाँइन
साथि संगि आफन्तको तस्विर बोकि आँए
अरुको मनभित्र आफुलाइ भने पाँउदै पाँइन

मे २२,२००४
कपिल अधिकारी
ताइपे ताइवान